आज मिति २०७४ साल श्रावण १५ गते आइतवार यस मकवानपुरगढी गाउँ पालिकाको बैठक गाउँपालिका का अध्यक्ष श्री बिदुर हुमागाई ज्यू को अध्यक्षता मा बस्दा तपशिल बमोजिमको उपस्थिती रहयो।

उपस्थिती :-

१. अध्यक्ष श्री बिदुर हुमागाई
२. उपाध्यक्ष श्री हर्कमायाँ रुम्बा
३. सदस्य श्री आइत थींलो (वडाध्यक्ष वडा नं. १)
४. ,, श्री बखान सिंह पाख्रिन (वडाध्यक्ष वडा नं. २)
५. ,, श्री भागवत घिमिरे ( ,, ,, ,, ३)
६. ,, श्री राम प्रसाद तिमल्सिना ( ,, ,, ,, ४)
७. श्री जीत ब० घिमिरे ( ,, ,, ,, ५)
८. श्री टीका प्र० दहाल ( ,, ,, ,, ६)
९. ,, श्री सूर्य ब० रुम्बा ( ,, ,, ,, ७)
१०. ,, श्री कुमार सिं घिसिङ ( ,, ,, ,, ८)
११. ,, श्री चिनी मायाँ लुङ्वा।
१२. ,, श्री निर्मला विश्वकर्मा
१३. ,, श्री मञ्जु योन्जन
१४. ,, श्री बुद्धीमायाँ योन्जन

Scanned with CamScanner

१५. सदस्य श्री पातली मायाँ गोले
१६. सदस्य श्री सुरेन्द्र सुनार
१७. बैठक व्यवस्थापन ना.सु. युवराज पौड्याल

छलफलका विषयहरु

१. पटके सवारीकर सम्बन्धमा-
२. शिर्व सिमेन्टले चलाएको खानी सम्बन्धमा-
३. भवन निर्माण संहिता निर्माण सम्बन्धमा-

निर्णयहरु :-

निर्णय नं० १ प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिका भित्र रहेका निम्न सार्वजनिक सडक प्रयोग गरी चल्ने सवारी साधनहरुका सवारी धनीहरुबाट पटक सवारीकर उठाउनेगरी न्यूनतम बोलकबोल मूल्य रु.3000000।= अक्षरुपी तीसलाख मा नघटाई २०७४ साल भदौ १ बाट लागु हुनेगरी ठेक्का लगाउन निर्णय सर्व सम्मतवाट पारित गरियो-।

कर संकलन गर्ने सडकहरु:-
(i) पिप्ले, मक्रान्चुली, शिमलरुकटेरी सडक
(ii) मक्रान्चुली, देवीडाँडा धामिले सडक
(iii) सामरीपुल, धारेडि, आमभन्ज्याङ् डुम्रेकुना सडक
(iv) बुढीचौर, सुकौरा, मकवानपुरगढी हुँदै कान्तीराजपथ जोड्ने सडक सबै
(v) शिंचाङकुना, मनकामना, सामरीखोला सडक
(vi) एक्लेखेत रानीशेरा सडक
(vii) मक्रान्चुली, चौघडा सडक
(viii) उकन्चुङ, बुढीचौर सडक

निर्णय नं. २ प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा सिमेन्ट सीमेन्टले यस मकवानपुरगढी गाउँपालिका तथा आस पासका स्थानमा चलाएको ढुङ्गाखानीको यस गाउँपालिका का कार्यपालिकाका पदाधिकारीहरुबाट अनुगमन गर्दा र प्रभावित क्षेत्रका बासिन्दाको गुनासो तथा अनुरोध समेत लाई मध्यनजर गर्दा सिमेन्टले चलाएको चपको खानी लगायतका खानी क्षेत्रबाट प्रभावित जनताहरु लाई सुरक्षाको प्रत्याभुती हुनेगरी निम्न दिर्घकालिन तथा अल्पकालीन संरक्षणका संरचनाहरु निर्माण गर्दै खानी बाट प्रभावित परिवारलाई उचित राहत उपलब्ध गराउन र त्यस क्षेत्रको सामुदायिक क्षेत्रमा समेत सहयोग गर्ने निर्देशन सहित जानकारी गराउने सर्व सम्मत निर्णय गरियो।

(i) बर्षायामका असार, श्रावण र भाद्र महिनामा खानी क्षेत्रमा उत्खनन कार्य नगर्ने।

(ii) संचालित चपको खानीबाट ८० प्रतिशत ओभरबर्डेन मानवबस्ती तर्फ फाल्ने र २० प्रतिशत जती मात्र चुन ढुङ्गा निकाल्ने अवस्था देखिएको हुँदा, त्यस खानी को ओभरबर्डेन मात्र अत्यधिक भएकोले त्यस क्षेत्रमा भविष्यमा अत्यधिक ठूलो खतरा निम्तने हुँदा त्यस चपको खानीको विकल्प तुरुन्त खोजि गर्ने।

(iii) फालि सकिएको ओभर बर्डेन रोक्न राखिएको चेक- ड्यामको माथी ग्याबिन जाली थप्नु पर्ने साथै उपयुक्त 'कुनै कुन्तीमा' दुई स्थानमा थप चेकड्याम निर्माण गर्नु पर्ने।

(iv) तल्लो तटिय खानि प्रभावित क्षेत्रमा पहिले भए- को सहमती अनुसार संरक्षणका कामहरु जस्तै कल्भर्ट वाल, ग्याबिन वाल तथा सुख्खाड्याम निर्माण गर्ने कार्य तत्परताका साथ गर्नु पर्ने।

(v) खानी प्रभावित क्षेत्रहरुमा रहेका खाने पानीका मुहान हरु खानीको कारण अवरुद्ध हुन गई प्रभावित क्षेत्रमा खाने पानीको समस्या र अभाव बढेको पाइएकोले खानी प्रभावित बासिन्दालाई खानेपानी सुविधा उपलब्ध गराउन सहयोग गर्नु पर्ने।

निर्णय नं. ३ प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकालाई नमुना बस्तीको रूपमा निकायगत भवन निर्माण डीजाइन निर्माण गर्नको लागि यस मकवानपुर गढी गाउँ कार्यपालिकाका सदस्य श्री जीत बहादुर घिमिरे को संयोजकत्वमा निम्न सदस्य रहेको "भवन तथा योजना मापदण्ड उप समिति" निर्माण गर्ने सर्व सम्मत निर्णय गरियो। ।

तपशिल

१. संयोजक श्री जीत बहादुर घिमिरे
२. सदस्य श्री राम प्रसाद हिमलिखना
३. सदस्य श्री आकृत थीं ला.